**मध्यपश्चिम विश्वविद्यालय नाम दर्ता (Registration) फाराम भर्दा/भराउँदा ध्यान दिनुपर्ने कुराहरु**

१. मध्यपश्चिम विश्वविद्यालय अन्तर्गतका विभिन्न शैक्षिक संस्थाहरुमा तहगत शैक्षिक प्रमाणपत्र/उपाधि प्राप्त गर्ने उद्देश्यले भर्ना भएका सबै विद्यार्थीहरुले परीक्षा व्यवस्थापन कार्यालयद्वारा सञ्चालित परीक्षामा सम्मिलित हुन **मध्यपश्चिम विश्वविद्यालय नाम दर्ता (Registration) फाराम** अनिवार्य रुपमा भर्नुपर्नेछ।

२. विद्यार्थीले मध्यपश्चिम विश्वविद्यालय परीक्षा व्यवस्थापन कार्यालयको Website www.muexam.edu.np मा उपलब्ध गराइएको मध्यपश्चिम विश्वविद्यालय नाम दर्ता (Registration) फाराम भरेर त्यसलाई प्रिन्ट गरी आवश्यक कागजात र तोकिएको शुल्क सहित तोकिएको समयभित्र आफू अध्ययनरत रहेको शिक्षण संस्थामा बुझाउनु पर्नेछ।

३. **मध्यपश्चिम विश्वविद्यालय नाम दर्ता फारम** भर्दा विद्यार्थीले अनिवार्य रुपमा निम्न लिखित कुराहरुमा ध्यान दिनुपर्नेछ :

(क) दर्ता फाराममा सबै व्यहोरा प्रष्ट र बुझिने गरी लेख्नुपर्नेछ।

(ख) फारामसंगै MRP साइजको फोटो फाराममा नत्थी गरी बुझाउनुपर्नेछ।

(ख) विद्यार्थीले मध्यपश्चिम विश्वविद्यालय नाम दर्ता (Registration) फाराम साथ संलग्न गर्नुपर्ने कागजात :

- नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
- आफूले अध्ययन गर्न चाहेको तहका लागि आवश्यक पर्ने एस.एल.सी/एसईई देखिका शैक्षिक योग्यताका प्रमाणपत्रको स्पष्ट बुझिने खालको प्रतिलिपि,
- सक्कल माइग्रेसन (स्थानान्तरण प्रमाणपत्र)।

(ग) विद्यार्थीले पेश गरेका सम्पूर्ण प्रमाणपत्रहरुमा विद्यार्थीको नाम, थर, जन्ममिति, बाबु/आमाको नाम र अन्य व्यहोरामा हुबहु मिलेको हुनुपर्नेछ।

(घ) सम्बन्धित बोर्ड वा विश्वविद्यालयबाट जारी गरिएका स्थायी वा अस्थायी प्रमाणपत्र मात्र पेश हुनुपर्नेछ । विदेशी शिक्षण संस्थाबाट पास गरेको तहको हकमा समकक्षताको प्रमाणपत्र पनि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

(ङ) सम्बन्धित विद्यार्थीलाई निजले पेश गरेका प्रमाणपत्र तथा अन्य कागजात फिर्ता दिइने छैन । नक्कली प्रमाणपत्र फेला परेमा नियम अनुसार कारवाही गरिनेछ ।

(च) एक पटक अन्य बोर्ड वा विश्वविद्यालयको सक्कल माइग्रेसन बुझाइ सकेपछि पुनः उक्त माइग्रेसन फिर्ता दिइने छैन तर विद्यार्थीलाई माइग्रेसन अत्यावश्यक परेमा मध्यपश्चिम विश्वविद्यालयको आफ्नै माइग्रेसन नियमानुसार दस्तुर लिई दिन सकिनेछ ।

(छ) मध्यपश्चिम विश्वविद्यालयका नीति, नियम, विनियम तथा कार्यविधि अनुसारका सबै प्रक्रिया पूरा भएको हुनु पर्नेछ ।

(झ) मध्यपश्चिम विश्वविद्यालयमा नाम दर्ता (Registration) गर्दा छलकपट गरी झुक्याई कुनै प्रमाणपत्र पेश गरेको पाइएमा विद्यार्थी स्वयम् जिम्मेवार हुनेछ ।

(ञ) तोकिएको समयभित्र मध्यपश्चिम विश्वविद्यालय नाम दर्ता फाराम नभरेका विद्यार्थीहरु प्रति परीक्षा व्यवस्थापन कार्यालय जवाफदेही हुने छैन र परीक्षा व्यवस्थापन कार्यालयबाट सञ्चालन गरिने कुनै पनि परीक्षामा सहभागी गराउन बाध्य हुने छैन ।

४. सम्बन्धित शिक्षण संस्थाले विद्यार्थी भर्ना हुँदाका बखत परीक्षा व्यवस्थापन कार्यालयबाट तोकेको ढाँचामा मध्यपश्चिम विश्वविद्यालय नाम दर्ता (Registration) फाराम भराई पठन पाठन सुरु भएको दुई महिनाभित्र विद्यार्थी स्वयम्ले भरेका फाराम, सक्कल माइग्रेसन (स्थानान्तरण प्रमाणपत्र), तोकिएको शुल्क तथा अन्य आवश्यक कागजातसहित विद्यार्थीहरुको फाराम वर्णानुक्रम अनुसार मिलाई परीक्षा व्यवस्थापन कार्यालयमा अनिवार्य पठाउनु पर्नेछ ।

५. कुनै विद्यार्थीको नाम दर्ता भइसकेपछि दर्ता फाराममा कुनै व्यहोरा सच्याउन वा थपघट गर्न परेमा आधिकारिक प्रमाण सहित तोकिएको शुल्क तिरी सम्बन्धित शिक्षण संस्थाको सिफारिस मार्फत परीक्षा व्यवस्थापन कार्यालयमा निवेदन दिएमा सच्याउन सकिनेछ ।